"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

## शुभकामना

बडादसैं २०७८ का अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरुका साथै महालक्ष्मी नगरपालिकाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, आरोग्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु । विजयादशमी, २०७८ ले हामी सबैमा नयाँ उत्साह, उमङ्ग, जोश र जाँगर थप्ने विश्वास गरेको छु ।

चाडबाड केवल पर्व र उत्सव मात्र नभई सामाजिक प्रबन्धका आधार पनि हुन् । चाडबाडका नाममा हुने गरेका केही नकारात्मकलाई बिर्सदै मितव्ययी र उचित बनाउन सबै सजग र सचेत रहनुपर्दछ । महालक्ष्मी नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुलाई पनि म आफ्नो सामर्थ्यको ख्याल गर्न, फजूल खर्चमा हौसिने र प्रतिस्पर्धा नगर्न अनुरोध गर्दछु ।

नेपालमा कोभिड -१९ को जोखिम कम भए पनि पूर्णतः समाप्त भएको छैन । आफू र आफ्नो परिवारसमेत सचेत र सजग हुँदै सुरक्षाका उपायहरू अवलम्बन गर्नु सबैको दायित्व हुन आएको छ।

आफ्ना मान्यजनसँग टीका, जमरा ग्रहण गर्ने क्रममा अनावश्यक नजिकिँदा हुनसक्ने सम्भावित संक्रमणको खतरा ख्याल गर्नै पर्दछ । विगतयमा जस्तै यसपटक पनि कोरोना महामारीबाट सिर्जित विषम परिस्थितिका कारण सकभर परिवारजनमा सीमित भएर चाडपर्व मनाउन अपिल गर्दछु । कोभिड-१९ को परिस्थितिको बाध्यतालाई ग्रहण गर्दै आ-आफ्नो घरपरिवारभित्र अधिकतम सावधानी र सतर्कताका साथ चाडपर्व मनाउन सबैमा आग्रह गर्दछु । नेपाल सरकारले लागू गरेको स्वास्थ्यसम्बन्धी सबै नियम पालना गरेर दसैं मनाउन अनुरोध गर्दछु ।

महालक्ष्मी नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु महामारीका बीचमा रहेको चाडवाडमा पनि नगरबासीको सेवा, सुविधा र जनसरोकारका विषयमा सचेत र क्रियाशील रहेको अवगत गराउन चाहन्छु । चाडवाडको समयमा कुनै पनि भैपरी आउने समस्यामा अभिभावककोरुपमा नगरपालिका सदैव उपस्थित रहेको आभाष दिलाउँदछु । नगरबासी नागरिक, जनप्रतिनिधि र कर्मचारीको साझा प्रयासबाट हाम्रा विकासका लक्ष्यहरु पहिल्याउन र पूरा गर्न सम्भव छ । अतः विगतमा जस्तै नगरबासीको साथ, सहयोग र शुभेच्छाको अपेक्षा गरेको छु ।

अन्त्यमा, हाम्रा चाडवाडहरुले मुलुकमा आइपर्ने विपत्ति र प्रतिकूलताको सामना गर्ने सामर्थ्य प्रदान गरोस् भन्ने कामना पनि गर्दछु ।
धन्यवाद ।

२०७८ असोज २६ (फूलपाती)

**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख

*"Unite to Fight Against Corona Virus Covid-19"*